आज मिति २०७९।१०।२६ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरू गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडाध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडाध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडाध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडाध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडाध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडाध्यक्ष |
| श्री रिजवान अहमद | वडाध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडाध्यक्ष |
| श्री मन्जु मिश्र | वडाध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडाध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री राकेश पाण्डे | सदस्य-सचिव |

बैठक मिति :२०७९।१०।२६

निर्णयहरु :

१.उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन सम्वन्धमा ।

शिवराज नगरपालिकाको नगरसभाबाट स्वीकृत निम्न योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना | वडा नं. | योजनाको किसिम | बजेट रकम रु. |
|---|---|---|---|---|
| १. | आधारभूत अस्पताल चन्द्रौटामा प्रतिक्षालय तथा स्मार्ट क्लीनिक निर्माण | वडा नं.५ | नगरस्तरीय | १५,००,०००। |

२.स्थानीय तह सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको सदस्य मनोनयन सम्वन्धमा ।

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यबिधि,२०७६ को नियम १४ अनुसार देहाय अनुसारका व्यक्तिहरुलाई यस नगरपालिकाको सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

तपसिल :

१. श्री खगी सुनार – कार्यपालिका सदस्य
२. श्री सरस्वती पौडेल - (सम्पर्क शिक्षिका) त्रिभूवन आदर्श मा.वि.पिपरी
३. श्री पार्वती पौडेल सापकोटा -(सम्पर्क शिक्षिका) बालशिक्षा मा.वि. हल्लानगर

३.अन्तर स्थानीय तह साझेदारीमा कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

नगरसभाबाट स्वीकृत योजना ट्राफिक प्रहरी कार्यालयको कम्पाउण्ड वाल निर्माण (बजेट रु.२,५०,०००।) को कार्यान्वयन सन्दर्भमा बुद्धभूमी नगरपालिका कपिलवस्तुसँग समन्वय गरी सोही नगरपालिका मार्फत योजना सम्झौता गराई कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात भुक्तानीको लागि बुद्धभूमी नगरपालिकामा सो योजनाको रकम पठाउने गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

४. स्थानीय निर्देशक समितिको सदस्य मनोनयन सम्वन्धमा ।

शिवराज नगरपालिका मेयर रोजगार कार्यक्रम सञ्चालन कार्यविधि,२०७९ को परिच्छेद ५, नियम ५.१ बमोजिम गठन हुने स्थानीय निर्देशक समितिको सदस्यमा तपसिलका कार्यपालिका सदस्यहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

तपसिल :

१. श्री माहेताव आलम खाँ
२. श्री बुद्धिकला भण्डारी
३. श्री विष्णु कुँवर पाण्डे
४. श्री प्रेम बहादुर सुनार
५. श्री सन्त कुमार धोवी

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

५. नदीजन्य पदार्थ ठेक्का बन्दोवस्त सम्वन्धमा।

यस नगरपालिका क्षेत्रभित्र पर्ने खोलाहरुको आ.व.२०७९।०८० र २०८०।०८१ को लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्पन्न भई IEE प्रतिवेदनले आ.व.२०७९।०८० को लागि उत्खनन् र संकलन गर्न सकिने भनि औंल्याएको परिमाणका आधारमा प्रथम पटक सूचना प्रकासन गरी ठेक्का आह्वान गरिएकोमा कुनै पनि खोला ठेक्का नलागेकोले उत्खनन् र संकलन गर्न सकिने बाँकी समयावधि र प्राविधिक प्रतिवेदन समेतको आधारमा उत्खनन् र संकलन गरिने नदीजन्य पदार्थको परिमाण देहायबमोजिम कायम गरी दोस्रो पटक ठेक्का आह्वानको सूचना प्रकासन गर्ने निर्णय गरियो ।

| क्र.सं. | उत्खनन् तथा संकलन गरिने स्थान | परिमाण आयतन (घ.मी.) | संकलन गरिने नदीजन्य पदार्थ | अनुमानित राजश्व (प्रति घ.मि. रु.२८२।४८ का दरले) |
|---|---|---|---|---|
| १. | सुरही खोला प्याकेज -१ (बनकसवासा चुरेको सिमाना देखि हल्लानगर पुलको ५०० मिटर माथि सम्म) | ६३,६६० घ.मि. | ग्राभेल,बालुवा,ढुङ्गा | १,७९,८२,६७६।८० |
| २. | सुरही खोला प्याकेज -२ | २८,३२८ घ.मि. | ग्राभेल,बालुवा | ८०,०२,०९३।४४ |
| ३. | चिरई खोला | २६,६०० घ.मि. | ग्राभेल,बालुवा,ढुङ्गा | ७५,१३,९६८।०० |
| ४. | मैनारी खोला | ४,३०० घ.मि. | ग्राभेल,बालुवा,ढुङ्गा | १२,१४,६६४। |
| ५. | सुकबेल खोला | २२,३४४ घ.मि. | ग्राभेल,बालुवा,ढुङ्गा | ६३,११,७३३।१२ |
| ६. | भक्रम खोला | ८,०८५.६० घ.मि. | ग्राभेल,बालुवा,ढुङ्गा | २२,८४,०२०।२९ |
| | जम्मा | १,५३,३१७.६० घ.मि. | | ४,३३,०९,१५५।६५ |

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख